# विषय सूची


| विवरणहरू | | पेज नं. |
|---|---|---|
| १. | प्रतिनिधि नियुक्ति फारम | २ |
| २ | दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना | ३ |
| ३. | साधारण सभा सम्बन्धी सामान्य जानकारी | ४ |
| ४. | अध्यक्षको मन्तव्य | ५ |
| ५. | सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०६७/२०६८ को वार्षिक प्रतिवेदन | ७ |
| ६. | लेखापरीक्षण प्रतिवेदन | |
| | (क) वासलात | १४ |
| | (ख) नाफा नोक्सान हिसाब | १५ |
| | (ग) इक्विटीमा भएको परिवर्तन विवरण | १६ |
| | (घ) नगद प्रवाह विवरण | १७ |
| | (ङ) अनुसूचीहरू | १८ |
| ७. | लेखा नीति तथा टिप्पणीहरू | २६ |


Power Generation Through Peoples' Participation

लेआउट तथा मुद्रण : सि.जे. प्रेस एण्ड पब्लिकेशन प्रा. लि., फोन नं. ०१-४४९९१५८

Power Generation Through Peoples' Participation

# रिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड

का. म. न. पा. - ३४, नयाँ बानेश्वर, काठमाडौं

## प्रतिनिधि नियुक्ति फारम

श्री सञ्चालक समिति,
रिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड,
मिलनचोक, बानेश्वर, काठमाडौं ।

**विषय : प्रतिनिधि नियुक्ति गरिएको बारे ।**

महाशय,

........................ जिल्ला ............................. न.पा/गा.वि.स. वडा नं. ........... बस्ने म/हामी ............................................ले त्यस संस्थाको शेयरधनीको हैसियतले मिति २०६८ साल पौष १५ गते शुक्रबार (३० डिसेम्बर २०११) का दिन हुने दशौं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्माणमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागी मेरो/हाम्रो प्रतिनिधित्व गरी भाग लिन ......................... जिल्ला ........................... न.पा./गा.वि.स. बस्ने त्यस संस्थाका शेयरधनी श्री ......................................... शेयरप्रमाण पत्र नं. ..................... लाई मेरो/हाम्रो प्रतिनिधित्व मनोनयन गरी पठाएको छु/छौं ।

| प्रतिनिधि हुनेको | प्रतिनिधि नियुक्त गर्नेको |
|---|---|
| नाम : | नाम : |
| दस्तखत : | दस्तखत : |
| शेयर प्रमाण पत्र नं. : | शेयर प्रमाण पत्र नं. : |
| शेयर संख्या : | शेयर संख्या : |
| मिती : | मिती : |

द्रष्टब्य : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनी प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

---

# रिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड

दशौं वार्षिक साधारण सभा

## प्रवेश–पत्र

शेयरधनीको नाम :

प्रमाण पत्र नं. :

कुल शेयर संख्या : आलोक के.सी.

शेयरधनीको सही : कम्पनी सचिव

(यो प्रवेशपत्रमा शेयरधनीको नाम, दस्तखत अनिवार्यरुपमा उल्लेख गरी सभा कक्षमा प्रवेश गर्दा यो प्रवेश-पत्र पेश गर्नुपर्नेछ ।)

# रिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको
# दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०६८/४/२४ गते बसेको सञ्चालक समितिको वैठक संख्या (९-६) को निर्णय अनुसार कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थानः**

मिति : २०६८ पौष १५ गते (30 December 2011), शुक्रवार

समय : विहान ९:०० बजे देखि ११:३० बजेसम्म

स्थान : कम्पनीको प्रधान कार्यालय, नयाँ वानेश्वर, काठमाडौं ।

**छलफलका विषयहरूः**

**(क) सामान्य प्रस्ताव**

(१) आर्थिक वर्ष २०६७/६८ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

(२) लेखा परीक्षण प्रतिवेदन सहितको आषाढ ३२, २०६८ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायत वित्तिय विवरणहरू छलफल गरी स्वीकृति गर्ने ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०६७/६८ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजीम नगद लाभांश रकम रु. ८०,०६,२५०/- (५.२५ प्रतिशत कर सहित) स्वीकृत गर्ने ।

**(ख) विविधः**

सञ्चालक समितिको आज्ञाले
आलोक के.सी.
कम्पनी सचिव

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले अनिवार्य रुपमा वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न भएको प्रवेशपत्र वा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट हुने किसिमको फोटो सहीतको कुनै प्रमाण पत्र साथमा लिई सभामा भाग लिन हुन अनुरोध छ। कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको प्रधान कार्यालयबाट तथा साधारण सभाका दिन सो सभाहलबाट प्राप्त गर्न सकिनेछ।

२) शेयरधनीहरूको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान ८:३० बजेदेखि खुल्ला गरिनेछ।

३) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) दिई नियुक्त गर्नुपर्नेछ। तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ।

४) एक भन्दा वढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सकिनेछ। कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ।

५) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ।

७) दशौं वार्षिक साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय मिलनचोक, नयाँ वानेश्वर, काठमाडौमा सम्पर्क राख्न अनुरोध गरिन्छ। थप जानकारीको लागि कम्पनीको वेव साइट www.ridihydro.com.np बाट पनि प्राप्त गर्न सक्नुहुनेछ।

### रिडी हाइड्रोपावर कम्पनी लिमिटेडको संक्षिप्त परिचय

**कम्पनी स्थापना मिति** : २०५७।११।२८
**कम्पनी दर्ता नं.** : १०७५/०६४/०६५ **उद्योग दर्ता नं.** २६४/३८
**प्यान नं.** : ३००८४७८८४
**पब्लिक लिमिटेड कम्पनीमा परिणत मिति** : २०६५/४/२०
**विद्युत खरीद विक्री मिति** : २०६३।५।८
**विद्युत उत्पादनको अनुमतिपत्र मिति** : २०६४/२/१७
**आयोजना सम्पन्न मिति** : २०६६ भाद्र १५
**व्यवसायिक उत्पादन मिति** : २०६६ कात्तिक १०

### Ridikhola Project Salient Features

| | | |
|---|---|---|
| Type of Project | : | Run-of River |
| River Catchment | : | 591 sq.km |
| Gross Head | : | 94.5m |
| Design Discharge | : | $3.2m^3$/sec |
| Installed Capacity | : | 2400kW |
| Contract Energy | : | 15.73GWh (Annual) |
| Construction Period | : | 24 Months |

## अध्यक्षको मन्तव्य

आदरणीय शेयरधनी महानुभावहरू,

- कम्पनीको १० औं वार्षिक साधारण सभामा म यहाँहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु। यस गरिमामय सभामा सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०६७/६८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई हर्षको अनुभूती भइरहेको छ ।
- रिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड विक्रम सम्वत् २०५७ साल असोज ३० गते नेपालमा जलविद्युत आयोजनाको अध्ययन, विकास तथा निर्माण गर्ने उद्देश्यले स्थापित कम्पनी हो। शुरुमा (प्रा.) लि. कम्पनीको रुपमा स्थापना भएको यस कम्पनीमा जनताको व्यापक सहभागिता जुटाई आयोजना निर्माण गर्ने उद्देश्यले यस कम्पनीलाई मिति २०६४ श्रावण २० गते देखि पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको छ। आफ्नो उद्देश्य बमोजिम कम्पनीले गुल्मी तथा पाल्पा जिल्लाहरुको सीमाना भएर बहने रिडीखोलाबाट २४०० किलोवाट क्षमताको रिडीखोला साना जलविद्युत आयोजनाको निर्माण कार्य २०६६ श्रावण १५ गते पुरा गरी मिति २०६६ कात्तिक १० गतेदेखि व्यवसायिक उत्पादन गरि आयोजनाले लुम्बिनी अञ्चलका पहाडी गुल्मी, पाल्पा तथा अर्घाखाँची जिल्लाहरुमा भरपर्दो विद्युत सेवा उपलब्ध गराइरहेको छ ।
- रिडीखोला जलविद्युत आयोजनाले आफ्नो व्यवसायिक उत्पादनको २ वर्ष कार्यकाल पूरा गरिसकेको छ। यस आयोजनाले यो आर्थिक वर्षमा पनि सन्तोषजनक उत्पादन गरेको छ। आयोजनाको व्यवसायिक सञ्चालन पश्चात् २१ महिना अवधिमा २.२४ करोड किलोवाट घण्टा विद्युत उत्पादन गरेको छ। यो उत्पादन लक्ष्यको ९०.७५ प्रतिशत हो। हिउँदयामका महिनाहरू (माघ, फाल्गुण तथा चैत्र) मा लक्ष्य भन्दा पनि बढी विद्युतशक्ति उत्पादन भएको छ ।
- आर्थिक वर्ष २०६७/६८ मा विद्युत विक्रीवाट रु. ६,०२,३४,६९१/- आम्दानी र अन्य आम्दानी रु. १,१६,८३६/- गरी जम्मा रु. ६,०३,५१,५२७/- आम्दानी भएको छ। विद्युत विक्रीबाट आम्दानी प्राप्त भएपश्चात् यो आर्थिक वर्षमा सरकारलाई वार्षिक रोयल्टी वापत रु. १४,२६,२३६/-, प्रशासकीय खर्च रु. ७४,७५,४९२/-, आयोजना सञ्चालन खर्च २८,१६,१८०/-, व्याज खर्च रु. ३,३१,१४,५३८/- र ह्रासकट्टी खर्च ४४,३४,२१३/- गरी जम्मा रु. ४,९२,६६,६६०/- खर्च भएको छ। यो वर्ष कर तथा बोनस पूर्व १,१०,८४,८६६/- नाफा भएको छ भने कर तथा बोनस पश्चात् रु. १,०७,२२,०३५/- नाफा भएको छ। शेयरधनीहरुलाई यो वर्षको नाफाबाट रु. ८०,०६,२५०/- (कर सहित) लाभांश उपलब्ध गराउने प्रस्ताव गरिएको छ। यो शेयर लगानीको ५.२५ प्रतिशत हो। आगामी वर्षहरूमा कम्पनीले उच्च दरले लाभांश उपलब्ध गराउने छ।
- गत वर्षको नवौं वार्षिक साधारण सभाले अनुमोदन गरेको कुल ३० प्रतिशतले हुन आउने शेयर रकम (रु. ३,९०,६०,०००/-) मध्ये रु. २,२३,००,०००/- रकम जम्मा भई संस्थापक शेयर रु. १५,२५,००,०००/- पुगेको छ। शेयरधनीहरुबाट प्राप्त रकमबाट कम्पनीले आयोजना निर्माण गर्दा बैकहरुबाट लिएको अल्पकालीन कर्जा रु. २,२१,३३,०००/- भुक्तानी गरेको छ।
- कम्पनीले ठेकेदारहरुको धरौटी रकम फिर्ता वापत रु. १.६१ करोड यो आर्थिक वर्षमा भुक्तानी गरेको छ।
- आ. व. २०६६/६७ को अन्त्यमा कम्पनीको ऋण रू. २७.४८ करोड तथा रु. २.८७ करोड दायित्व रहेकोमा यो आ.व. २०६७/६८ को अन्त्यसम्म ऋण रु. २५.४१ करोडमा र दायित्व रु. २.१९ करोड रहेको छ।
- कम्पनीले आयोजनाको निर्माणको लागि बैंकहरुसँग ऋण सम्झौता गर्दा ८ प्रतिशत व्याजदरमा सम्झौता गरी निर्माण कार्य शुरु गरेकोमा वजारमा रहेको तरलताको अभावका कारण व्याजदर बृद्धि भई १३ देखि १५

प्रतिशतसम्म पुगेको छ। यसबाट कम्पनीको खर्चमा ठुलो बृद्धि भएकोले मुनाफामा कमी आएको छ।

- नेपाल राष्ट्र बैंकले जारी गरेको पुनकर्जा सुविधा लिन व्यवस्थापनले बैंकहरुसँग बारम्वार बैठकमा प्रस्ताव गरेकाले बैंक अफ काठमाडौंले यो वर्षको जेष्ठबाट ६ महिनाको लागि लागू हुने गरी रु. ५.९८ करोड र माछापुच्छ्रे बैंकले यो वर्षको कात्तिक १ गतेबाट लागू हुने गरि ३.३१ करोड पूनकर्जा ब्याज सुविधा उपलब्ध गराएको छ। पुनकर्जाको व्याजदर १० प्रतिशत भएकोले यसबाट कम्पनीलाई कुल रु. १३.६४ लाख लाभ भएको छ।
- आयोजनाको बाँध क्षेत्रमा गत वर्ष आएको ठूलो बाढीले केहि क्षति पुऱ्याएको छ र सो को मर्मत कार्य यो वर्ष सम्पन्न गर्ने तयारी भईरहेको छ।
- आयोजनाको पेनस्टक पाइप अन्तर्गत साखा क्षेत्र अन्तर्गत मोटरबाटोको माथिल्लो भागमा आएको पहिरोले पाइपमा सामान्य क्षति पुग्न गएको छ। सो पहिरोले आयोजनाको पाइपमा समेत असर गर्न सक्ने देखिएकोले सडक कार्यालय तथा अर्घाखाँची जि.वि.स. सँग सहयोग लिई रोकथामको गर्न पहल भइरहेको छ।
- कम्पनीले आगामी वर्षमा ताप्लेजुंग जिल्लाको काबेली नदीमा अवस्थित १५ मेगावाट क्षमताको माथिल्लो काबेली आयोजना पावरजेन कम्पनीसँग संयुक्तरुपमा लगानी गरि निर्माण कार्य गर्ने लक्ष्य लिएकोमा अनुमतिपत्रको आन्तरिक कार्यविधि, २०६८ ले १० मेगावाट भन्दा माथिल्लो क्षमताको आयोजना प्रतिस्पर्धाको आधारमा दिने नीति लिएपछि आयोजना अध्ययन तथा निर्माण गर्न अवरोध भएको छ। कम्पनीले अन्य प्रवर्धकहरूसंग सहकार्य गरी पाँचथर तथा ताप्लेजुङ्ग सीमाना भई बहने इवाखोलामा पहिचान भएको ९.७ मेगावाट क्षमताको इवाखोला आयोजना तथा दोलखा र रामेछाप जिल्लाको सीमाना भएर बहने खिम्ती खोलामा पहिचान भएको १० मेगावाट क्षमाताको खिम्ती ए जलविद्युत आयोजनाहरूको निर्माण गर्ने उद्देश्य लिई आवश्यक अध्ययन गरिरहेको छ।
- कम्पनीले संस्थागत सुशासन कायम गरि कम्पनीका शेयरधनीहरुको हीतमा रही काम गर्नेछ र आगामी दिनमा आफ्ना शेयरधनीहरुलाई बढी भन्दा बढी मूनाफा दिने प्रयत्न गरि कार्य गर्ने व्यहोरा जानकारी गराउँदछु।
- कम्पनीले आगामी दिनहरुमा कन्सट्रक्सन, डिजाइन तथा जलविद्युतसँग सम्बन्धित मेशीन तथा पार्टपूर्जाहरु खरीद गर्नका लागि एजेन्सी समेत लिइ काम गर्ने लक्ष्य लिएको र सोही अनुसार चीनको छेन्दु प्रान्तमा अवस्थित चिलाइट कम्पनीसँग मेशीन तथा पार्टपूर्जाको एजेन्सी लिने सहमतिमा हस्ताक्षर गरेको छ।
- अन्त्यमा, कम्पनीलाई विश्वास गरि लगानी गर्नु हुने शेयरधनी महानुभावहरु, रिडीखोला जलविद्युत आयोजना निर्माण गर्नको लागि सहयोग प्रदान गर्ने उर्जा मन्त्रालय, विद्युत विकास विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, वन मन्त्रालय, वन विभाग, जिल्ला वन कार्यालय, पाल्पा तथा गुल्मी जिल्ला विकास समितिहरु, आयोजना प्रभावित रुरु, दिगाम, अर्गली, सिद्धेश्वर तथा खेहा गा.वि.स.हरुलाई कम्पनीको तर्फवाट विशेष धन्यवाद दिन चाहन्छु। यस कम्पनीले विकास गरि सञ्चालन गरिरहेको आयोजना सञ्चालन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण कर्मचारी साथिहरुमा सञ्चालक समितिको तर्फवाट हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद !
(वच्छराज तातेड)
अध्यक्ष

# सञ्चालक समितिको तर्फबाट कम्पनीको दशौं वार्षिक साधारण सभामा प्रस्तुत आर्थिक वर्ष २०६७/२०६८ को वार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

कम्पनीको १०औं वार्षिक साधारण सभामा म यहाँहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु। यस गरिमामय सभामा सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०६७/६८ को सञ्चालक समितिको प्रतिवेदन र सोही वर्षको लेखा परीक्षण भएका वित्तिय विवरणहरू सभा समक्ष स्वीकृतिको लागि प्रस्तुत गर्दछु। साथै यस अवसरमा कम्पनीले समिक्षा अवधिमा सम्पन्न गरेका कार्यसम्पादन विवरणहरू प्रस्तुत गर्दछु।

## (१) आ. व. २०६७/६८ को कारोबारको संक्षिप्त विवरण

आ. व. २०६७/६८ मा यस कम्पनीको आर्थिक गतिविधिहरू विगत आ. व. को आयोजना बन्दै गरेको अवस्थालाई पार गर्दै व्यावसायिक उत्पादनको दोस्रो कार्यकालमा आईपुगेको कुरा सुनाउन पाउँदा अत्यन्तै खुशी लागेको छ। यो आ. व. को आर्थिक गतिविधिहरूको अवस्था निम्न बमोजिम रहेको छ।

(क) कम्पनीको आ. व. २०६७/६८ को कार्य सम्पादन स्थिति र अघिल्लो आ. व.२०६६/६७ सँगको तुलनात्मक स्थिति तालिका नं. १ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १ : कम्पनीको कारोवारको तुलनात्मक विवरण**

| विवरण | आर्थिक वर्ष | | वृद्धि | |
|---|---|---|---|---|
| | २०६७/६८ | २०६६/६७ | रकम (रू.) | प्रतिशत (रू.) |
| बिद्युत बिक्री आम्दानी | ६०२३४६९१ | ३३२७२१४० | २६९६२५५१ | ८१.०४ |
| अन्य आम्दानी | ११६८३६ | १९५७६६ | (७८९३०) | (४०.३२) |
| **जम्मा आम्दानी** | **६०३५१५२७** | **३३४६७९०६** | **२६८८३६२१** | **८०.३३** |
| बिक्रीको लागत | १४२६२३६ | ० | १४२६२३६ | १०० |
| प्रशासकीय खर्च | ७४७५४९२ | १००६५५२१ | (२५९००२९) | (२५.७३) |
| प्लान्ट संचालन खर्च | २८१६१८० | ० | २८१६१८० | १०० |
| ब्याज खर्च | ३३११४५३९ | २०८५१३१० | १२२६३२२९ | ५८.८१ |
| ह्रास खर्च | ४४३४२१४ | ११८७९२९० | (७४४५०७६) | (६२.६७) |
| बोनस खर्च | ३६२८३१ | ० | ० | १०० |
| जम्मा खर्च | ४९६२९४९२ | ४२७९६१२१ | ६८३३३७१ | १५.९६ |
| आयकर कट्टी गर्नु अघिको नाफा | १०७२२०३५ | (९३२८२१५) | १३९३८२० | २१४.९४ |
| आय कर | ० | ० | ० | |
| आयकर पछिको नाफा | १०७२२०३५ | (९३२८२१५) | १३९३८२० | २१४.९४ |
| शेयर संख्या | १५२५००० | १२४०००० | २८५००० | २२.९८ |
| प्रति शेयर आम्दानी | ७.०३ | (७.५२) | | |
| प्रति शेयर लाभांश | ५.२५ | ० | | |
| प्रति शेयर सञ्चित नाफा | १.७८ | (७.५२) | | |

(ख) आ. व. २०६७/६८ मा रिडिखोला आयोजनाले १५४७९३६१ यूनिट बिद्युत उत्पादन गर्ने लक्ष्य राखेकामा जम्मा १३९६६५२२ युनिट बिद्युत उत्पादन गरेको छ र यो लक्ष्यको आ. व. २०६७/६८ को उत्पादन तथा बिक्रीको अवस्था तालिका नं. २ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २ : आ.व. २०६७।६८ मा विद्युत उत्पादन लक्ष्य तथा विक्री**

| आ. व. २०६७/६८ | यूनिट (किलोवाट घण्टा) | | | | प्राप्त रकम (रू.) |
|---|---|---|---|---|---|
| | लक्ष्य | जम्मा उत्पादन | अधिक उत्पादन | जम्मा बिक्री | |
| श्रावण | १६९६३२० | १४२७१९६ | ० | १४२७१९६ | ५५,६५,३३१।५३ |
| भाद्र | १६९६३२० | १३८०४२६ | ० | १३८०४२६ | ५३,८०,७७८।८७ |
| आश्विन | १६९६३२० | १४२०१६६ | ० | १४२०१६६ | ५४,६४,९५०।०३ |
| कार्तिक | १६४१६०० | १४८८२७४ | ० | १४८८२७४ | ५८,०३,८८१।२३ |
| मंसिर | १५८६८८० | १४२४३७४ | ० | १४२४३७४ | ५५,५४,७०६।४२ |
| पौष | १३८५९८७ | १३१६६०० | ० | १३१६६०० | ७२,६७,३४३।९६ |
| माघ | ८६३१२३ | ९६८४३१ | १०५३०८ | ९६८४३१ | ५०,५४,८५८।९९ |
| फाल्गूण | ६५०७६३ | ८६७०६४ | २१६३०१ | ८६७०६४ | ४१,८८,९५०।८८ |
| चैत्र | ६०१५८३ | ६६६५१४ | ६४९३१ | ६६६५१४ | ३४,९९,३३९।७५ |
| बैशाख | ७९३४२५ | ७५८३३६ | ० | ७५८३३६ | २९,५६,८०१।९३ |
| ज्येष्ठ | १११६००० | ८९८२१२ | ० | ८९८२१२ | ३५,०१,९४४।७९ |
| आषाढ | १७५१०४० | १३५०९२९ | ० | १३५०९२९ | ५०,७२,९१२।५५ |
| अन्य | | | | | ९,२२,८९०।०० |
| | **१५४७९३६१** | **१३९६६५२२** | **३८६५४०** | **१३९६६५२२** | **६,०२,३४,६९०।९१** |

**चित्र नं. १ : विद्युत उत्पादन लक्ष्य तथा वास्तविक उत्पादन**



ग) कम्पनीको विगत ३ वर्षको शेयर पूंजी, ऋण र सञ्चितिको अवस्था चित्र नं. २ मा प्रस्तुत गरिएको छ ।

**चित्र नं. २ शेयर पूंजी, ऋण र सञ्चितिको तुलनात्मक अवस्था**




आ. व. २०६६/६७ को अन्त्यमा कम्पनीको ऋण (पूँजीकृत ब्याज समेत) रू. २४,८९,५०,१६४/७०, शेयर पूँजी रू. ९,१०,०३,१००/- र संचिती ०/०० तथा आ. व. २०६६/६७ को अन्त्यमा कम्पनीको ऋण (पूँजीकृत ब्याज समेत) रू. २७,४८,९०,४६३/२३, शेयर पूँजी रू. १२,४०,००,०००।- र सञ्चिती रु. (६,३८,९७१) रहेकोमा यो आ.व. २०६७/६८ को अन्त्यमा कम्पनीको ऋण रु. २५,४१,५४,५२२/-, शेयरपूँजी रु. १५,२५,००,०००/- तथा सञ्चिती रु. २०,७६,८१३/- रहेको छ ।

घ) पहिलो मासिक किस्ता भुक्तानी, २०६६ चैत्र देखि २०६८ मार्ग मसान्तसम्मको ऋण तथा भुक्तानी विवरण तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३. बैंक कर्जा तथा भुक्तानी विवरण**

| कर्जा विवरण | २०६६ चैत्र मसान्त सम्म | २०६८ मार्ग मसान्त सम्म |
|---|---|---|
| बैंक अफ काठमाडौं लि. | ८३३३४००० | ६९९९३६७० |
| नेपाल एस.बि.आइ. बैंक लि. | ८३३११४७७ | ६९९९२७५० |
| माछापुच्छ्रे बैंक लि. | ८३३३३००० | ६९९७३८५८ |
| अल्पकालीन ऋण | २२१३३००० | १२५००००० |
| अधिविकर्ष ऋण | २०३२३८४८ | १३४४७२२१ |
| असुरक्षीत ऋण | ७३७०६०० | ७३७०६०० |
| जम्मा | २९९८०५९२५ | २४३२७८०९९ |

## (२) कम्पनीको भावी योजना एवं कार्यक्रमहरू :

### (क) नयाँ जलविद्युत आयोजनामा लगानी गर्ने बारे ।

रिडीखोला आयोजनाको सफलता पूर्वक निर्माण सम्पन्न भए पश्चात् शेयरधनीहरूलाई बढि भन्दा बढि लाभांश प्रदान गर्न आगामी वर्षहरूमा नयाँ आयोजनाहरूमा लगानी गर्ने तथा सहभागिता जनाउने लक्ष्य राखेको छ । कम्पनीले सञ्चालनमा रहेको ५०० किलोवाट क्षमताको रैरांग आयोजना खरिद गरी सञ्चालन गर्नका लागि रैरांग हाइड्रोपावर डेभलपमेण्ट कम्पनी प्रा. ली. सँग सम्झौता गरेको छ । रैरांग कम्पनीको नाममा पाँचथर जिल्लामा अवस्थित ९.७ मेगावाट क्षमताको इवाखोला आयोजनाको सर्वेक्षण अनुमति पत्र रहेको छ । यसैगरी देउसा हाइड्रोपावर प्रा. लि. ले अध्ययन गरीरहेको १० मेगावाट क्षमताको खिम्ति ए जलविद्युत आयोजना पनि यस कम्पनीले साझेदारीमा निर्माण गर्ने सम्झौता गरेको छ । तसर्थ, कम्पनीले तल उल्लेखित आयोजनाहरू आगामी वर्षहरूमा निर्माण तथा सञ्चालन गर्नेछ ।

| विवरण | रैरांग जलविद्युत आयोजना | इवाखोला जलविद्युत आयोजना | खिम्ति ए जलविद्युत आयोजना |
|---|---|---|---|
| आयोजना स्थल | धादिंग | पाँचथर | रामेछाप |
| आयोजनाको अवस्था | संचालन | संभाव्यता अध्ययन सम्पन्न | अनुमतिपत्रका लागि निवेदन |
| आयोजनाको प्रकार | रनअफ दी रिभर | रनअफ दी रिभर | रनअफ दी रिभर |
| हेड | ३२५ मीटर | ९४ मीटर | ११० मीटर |
| डिजाइन डिस्चार्ज | ०.२ घ.मी./सेकेण्ड | १२.८ घ.मी./सेकेण्ड | १२.७५ घ.मी./सेकेण्ड |
| आयोजनाको क्षमता | ०.५० मेगावाट | ९.७ मेगावाट | १० मेगावाट |
| वार्षिक अनुमानित उत्पादन | २.३२ गेगावाट आवर | ४९.१६ गेगावाट आवर | ४९.५ गेगावाट आवर |

### (ख) कम्पनीको प्रधान कार्यालय स्थापना गर्ने बारे ।

यस कम्पनीको प्रधान कार्यालय अरुण भ्याली हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको कार्यालयमा भाडामा बसिरहेकोले कम्पनीको आफ्नो छुट्टै कार्यालय रहनु उपयुक्त हुने ठानी ट्रेड टावर नेपाल, थापाथलीमा कर्पोरेट कार्यालय स्थापना गर्ने कार्य भइरहेको छ ।

### (ग) परामर्श तथा एजेन्सी लिई कार्य गर्ने सम्बन्धमा ।

- नेपालमा नयाँ जलविद्युत परियोजनाहरूको पहिचान तथा विकास गर्ने कार्य तीब्र गतीमा भईरहेको छ । यी कम्पनीहरूलाई आवश्यक पर्ने Electro-Mechanical Equipments तथा Spare Parts हरू आयात तथा विक्री गर्नका लागि विदेशी कम्पनीहरूको एजेन्सी लिई कार्य गर्नु कम्पनीको उद्देश्य समेत रहेकाले सो कार्यमा कम्पनीले चीनको छेन्दु प्रान्तमा अवस्थित मेशिन सप्लायर चिलाइट कम्पनीसँग सम्झौता गरेको छ ।
- आउँदा दिनहरूमा जलविद्युत आयोजनाहरूसँग सम्बन्धित सिभिल निर्माण कार्य, डिजाइन ड्रईंगको कार्य गरी कम्पनीमा थप आय सृजना हुने काममा आफ्नो कार्य अगाडी बढाउनेछ ।

## (३) चालू आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिको उपलब्धी

कम्पनीले चालू आ. व. २०६८/६९ को पहिलो त्रैमासिकको अवधिमा ५०८८९६० यूनिट बिद्युत उत्पादन लक्ष्य लिएकोमा जम्मा ४५५०३३२ यूनिट उत्पादन गर्न सफल भई रू. १,७७,७४,४८४/- बिक्री आम्दानी गरेको छ ।

### (४) कम्पनीको व्यावसायीक सम्बन्ध

आयाजना निर्माणको क्रममा सबै क्षेत्रबाट यथेस्ट सहयोग मिलेकै कारण रिडीखोला सानो जलबिद्युत आयोजना सफलतापूर्वक सञ्चालनमा आउन सफल भएको छ । यो सफलताले आयोजना निर्माण कार्यमा लागेका र यो सँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेका हामी सबैलाई गौरवान्वित तुल्याएको छ। कम्पनीको व्यावसायीक सम्बन्ध मूलतः नेपाल सरकार, उर्जा मन्त्रालय, विद्युत विकास विभाग, बिद्युत खरिद गरिदिने नेपाल बिद्युत प्राधिकरण तथा आयोजनाको निर्माणमा वित्तिय सहयोग प्रदान गर्ने बैंकहरू-बैंक अफ काठमाण्डू, माछापुच्छ्रे बैंक लि. तथा नेपाल एस. बि. आई. बैंक लि. सँग पनि सुमधुर सम्बन्ध रहेको छ। त्यसैगरी आयोजना निर्माणको क्रममा सहयोग प्रदान गर्नुहुने स्थानीय निकाय, जग्गा दाता, वनउपभोक्ता समिति तथा आयोजना प्रभावित परिवारहरूसँग सुमधुर सम्बन्ध रहेको छ। त्यसै गरी आयोजनाको निर्माण कार्य सफतापूर्वक सम्पन्न गरिदिने सन्तोषि एडभेन्चर जे.भी., उडेको स्ट्रक्टो जे.भी., माछापुच्छ्रे मेटल एण्ड मेशिनरी वर्क्स (प्रा.) लि. यस किसिमका संस्थाहरूसँगको सम्बन्धले कम्पनीले थप सफलता हासिल गर्न सक्ने विश्वास सहित भविष्यमा सम्बन्धलाई अझै बलियो तुल्याउन कम्पनी सदैव सजग रहनेछ ।

### (५) सञ्चालक समिति

कम्पनीको नियमावली अनुसार यस कम्पनीमा ७ जना सञ्चालक (तालिका नं. ३) हरू रहनेछन् । प्रत्येक सञ्चालक समितिको कार्यकाल ४ वर्षको हुने प्रावधान छ। सर्वसाधारणमा ३० प्रतिशत शेयर बिक्री बितरण भएपछि संस्थापक ("क" समुह) बाट ५ जना तथा सर्वसाधारण ("ख" समुह) बाट २ जना सञ्चालकहरू रहने व्यवस्था रहेको छ । वर्तमान सञ्चालक समिति २०६७।९।३ मा सम्पन्न नवौं वार्षिक साधारण सभावाट नियुक्त हुन भएको हो ।

**तालिका नं. ३ : वर्तमान् सञ्चालक समिति**

| सि.नं. | नाम | पद | सञ्चालकमा हेरफेर तथा परिवर्तन |
|---|---|---|---|
| १. | श्री बच्छराज तातेड | अध्यक्ष | यथावत |
| २. | श्री गुरुप्रसाद न्यौपाने | कार्यकारी सञ्चालक | यथावत |
| ३. | श्री शिवरतन शारडा | सञ्चालक | यथावत |
| ४. | श्री डेडराज खडका | सञ्चालक | यथावत |
| ५. | श्री रमेश प्र. न्यौपाने | सञ्चालक | यथावत |
| ६. | श्री बिवेक तातेड | सञ्चालक | यथावत |
| ७. | श्री कुबेरमणि नेपाल | सञ्चालक | यथावत |

### (६) संस्थागत सामाजिक उत्तरदायित्व

यस कम्पनीले आयोजना निर्माणका साथ साथै आयोजना प्रत्यक्ष प्रभावित क्षेत्र तथा प्रत्यक्ष प्रभावित परिवारहरूमा कम्पनीले आफ्नो तर्फवाट निभाउनु पर्ने सामाजिक उत्तरदायित्व निर्वाह गरिरहेको छ । आयोजना प्रत्यक्ष प्रभावित क्षेत्रमा विशेष गरी विद्युतीकरण, कुलाहरूको स्तरोन्नती तथा व्यवस्थित गर्ने कार्य सम्पन्न

Power Generation Through Peoples' Participation

गरेको छ । कम्पनीले आयोजना क्षेत्रमा परेका सामाजिक जग्गा तथा वन उपयोग वापतको क्षतिपूर्तिस्वरुप नगद रकम तथा विद्यालयहरूलाई आर्थिक सहायता प्रदान गरेको छ। नेपाल विद्युत प्राधिकरणले स्थानिय स्तर मा विद्युत वितरण गर्ने कार्यको लागि कम्पनीले आवश्यक जग्गा, संरचनाहरू तथा प्राविधिक सहायता प्रदान गरेको छ ।

**(७) विगत वर्षहरूमा शेयरधनीहरूले उठाएका विषयहरू**

विगत वर्षहरूमा शेयरधनीहरूले दिनुभएका सुझावहरू उपर कम्पनीको अवधारणा र कार्यक्रमहरू निम्नानुसार रहेकाछन् ।

क) नयाँ आयोजना सम्बन्धमा

विगतका वर्षहरूमा शेयरधनी महानुभावहरूले नयाँ आयोजना सम्बन्धमा दिनु भएका सुझाव अनुरुप कम्पनीले आगामी समयमा बिभिन्न आयोजनाहरू निर्माण गर्ने लक्ष्य राखेको छ। त्यसको लागि कम्पनीले अन्य बिभिन्न कम्पनीहरूसँग सहकार्य गरि अगाडी बढ्ने नीति लिएको छ । त्यसै अनुरुप विभिन्न आयोजनाहरूमा अन्य कम्पनीहरूसँग मिलेर निर्माण तथा बिकास गर्न सकिने संभावना देखिएको जानकारी गराउन चाहन्छु ।

ख) वार्षिक प्रतिवेदन सम्बन्धमा

कम्पनीले आफ्ना सम्पूर्ण क्रियाकलापहरूलाई पारदर्शी ढंगले सञ्चालन गर्नु पर्दछ भन्ने मान्यताको फलस्वरुप वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने सबै विषयहरूलाई समेट्ने प्रयत्न गरिएको र त्यसमा सकेसम्म अझ प्रष्ट पार्नु पर्ने कुराहरूलाई प्रष्ट गर्दै यस प्रतिवेदनलाई समयमा नै उपलब्ध गराउने विषय सबै शेयरधनीहरूलाई विश्वस्त गराउन चाहन्छु ।

**८. सञ्चालक तथा उच्चपदस्थ पदाधिकारीहरूको पारिश्रमिक :**

यस आ.व. २०६७/०६८ मा कम्पनीका पदाधिकारीहरूले निम्नानुसार भत्ता तथा अन्य सुविधा प्राप्त गर्नु भएको थियो ।

**तालिका नं. ४ : सञ्चालक तथा उच्चपदस्थ पदाधिकारीहरूको पारिश्रमिकको विवरण**

| क्र.सं. | विवरण | रकम रू. |
|---|---|---|
| १. | सञ्चालकहरूलाई बैठक भत्ता | रु. ३०००/- प्रति बैठक |
| २. | सञ्चालकहरूलाई संचार तथा यातायात सुविधा | रू. ००/०० |
| ३. | अध्यक्षलाई यातायात, टेलिफोन र इन्धन खर्च | रू. ३०,०००/- मासिक |
| ४. | कार्यकारी सञ्चालकलाई मासिक तलव, भत्ता तथा सुविधा | रू. ८५,०००/- मासिक |
| ५. | टेलिफोन/मोवाईल खर्च (मासीक) | रू. ००/- |
| ६. | यातायात तथा ईन्धन सुविधा | रू. ००/- |
| ७. | पत्रपत्रिका खर्च (मासीक) | रू. ००/- |
| ८. | परियोजना प्रमुखलाई मासिक तलव, भत्ता तथा सुविधा | रू. ७०,०००/- मासिक |
| ९. | अन्य उपसमितिहरूलाई भत्ता | रू. ००/०० |
| १०. | सञ्चालकहरूलाई भ्रमण भत्ता कम्पनीका कार्यकारी सञ्चालक सरह दिइने व्यवस्था रहेको छ । | रु. ७००/- प्रति दिन |

## ९. धन्यवाद ज्ञापन

अन्त्यमा, यस कम्पनी प्रति शेयरधनी महानुभावहरूले देखाउनु भएको आस्था, सदासयता तथा विश्वासप्रति हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु ।

यस कम्पनीले निर्माण गरेको रिडीखोला साना जलविद्युत आयोजनाको सर्वेक्षण तथा उत्पादनको अनुमति प्रदान गर्ने उर्जा मन्त्रालय तथा विद्युत विकास विभाग तथा कम्पनी दर्ता गरिदिने कम्पनी रजिष्टार कार्यालयलाई धन्यवाद प्रदान गर्न चाहन्छु । त्यसै गरी आयोजनावाट उत्पादित विद्युतशक्ति खरीद गर्ने नेपाल विद्युत प्राधिकरणलाई धन्यवाद दिन चाहन्छु । आयोजना निर्माण गर्न स्थानीय निकायबाट सहमति प्रदान गर्ने पाल्पा तथा गुल्मी जि.वि.स., सिद्धेश्वर गा.वि.स., दिगाम गा.वि.स., रुरु गा.वि.स., खेहा गा.वि.स., अर्गली गा.वि.स., पाहारपाखो सामुदायिक वन उपभोक्ता समुह, स्थानीय जग्गा दाता तथा आयोजना प्रभावित परिवार, संघसंस्था, जसको सहयोग विना यो आयोजना कल्पना नै गर्न सकिन्न, वहाँहरू सबैलाई कम्पनीको तर्फवाट हार्दिक कृतज्ञता तथा धन्यवाद दिन चाहन्छु ।

आयोजना निर्माण गर्न वित्तिय सहयोग प्रदान गर्नुहुने बैंक अफ काठमाण्डू, नेपाल एस.वि.आई. बैंक लिमिटेड, माछापुच्छ्रे बैंक लिमिटेडलाई हार्दिक धन्यवाद तथा कृतज्ञता प्रदान गर्दछु । त्यसैगरी आयोजनाको वीमा गर्ने हिमालयन जनरल इन्सोरेन्स लिमिटेड प्रति म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

आयोजनाको निर्माण कार्य सफलतापूर्वक सम्पन्न गर्नुहुने सन्तोषि एडभेन्चर जे.भी., युडेको स्ट्रक्टो जे.भी., माछापुच्छ्रे मेटल एण्ड मेशीनरी वर्क्स, तथा मेशिन निर्माण तथा जडान गर्नुहुने चाइना स्थित हुनान एलोनवार्ड हाइड्रोजेनेरेटिंग इक्युपमेण्ट कम्पनी लिमिटेड धन्यवादको पात्र हुनुहुन्छ ।

अन्त्यमा, यस कम्पनीले विकास तथा निर्माण गरेको रिडीखोला जलविद्युत आयोजनाको निर्माण तथा सञ्चालनकार्यमा अथक मेहनत गर्ने तथा आयोजना सुचारु रुपमा सञ्चालन गर्ने कर्मचारी साथीहरूमा कम्पनीको सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फवाट सहृदय धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

(वच्छराज तातेड)

अध्यक्ष, सञ्चालक समिति

## आयोजनामा लगानी गर्ने शेयधनीहरूको विवरण

| लगानी रकम (रू.) | शेयरधनीहरूको संख्या |
|---|---|
| १०,००० देखि ५०,००० सम्म | ७६ |
| ५०,००० देखि १,००,००० सम्म | ४३ |
| १,००,००० देखि ५,००,००० सम्म | ११७ |
| ५,००,००० देखि १०,००,००० सम्म | ३० |
| १०,००,००० देखि २५,००,००० सम्म | ९ |
| २५,००,००० देखि ५०,००,००० सम्म | ६ |
| ५०,००,००० देखि माथि | ६ |
| जम्मा शेयरधनी | २८७ |

# लेखापरीक्षण प्रतिवेदन

**(क) वासलात** (२०६७ श्रावण १ गतेदेखि २०६८ आषाढ मसान्तसम्म)

| विवरण | अनुसूची | यस वर्ष रू. (आ.व. २०६७/०६८) | गत वर्ष रू. (आ.व. २०६६/०६७) |
|---|---|---|---|
| **स्थीर सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | | ४१,४५,२३,४६५ | ४०,८६,३८,४०० |
| सम्पत्ति बिक्री | | ० | (३१,००५) |
| ह्रासकट्टी | | (४४,३४,२१४) | (१,३८,८८,२२०) |
| कुल स्थीर सम्पत्ति | ४ | ४१,००,८९,२५१ | ३९,४७,१९,१७५ |
| **चालू सम्पत्ति** | | | |
| प्राप्त हुन बाँकी (आसामी हिसाब) | ५ | ८७,०१,९३५ | ५३,२९,१५० |
| ऋण, पेश्की तथा जम्मा | ६ | १,१८,४३,४३५ | १,८२,३१,४५४ |
| नगद तथा बैंकमा जम्मा रकम | ७ | ७,११८ | ५२१ |
| जम्मा चालू सम्पत्ति | | २,०५,५२,४८८ | २,३५,६१,१२५ |
| चालु दायित्व | | | |
| अन्य तिर्नुपर्ने | ८ | २,१९,१०,४०४ | २,८७,१८,०५२ |
| ऋण तथा दायित्व | | ० | २,८७,१८,०५,२ |
| कुल चालु सम्पति | | २,१९,१०,४०४ | ३८,९५,६२,२४७ |
| **जम्मा सम्पत्ति** | | **४०,८७,३१,३३६** | **३८,९५,६२,२४७** |
| **पूँजी र दायित्व** | | | |
| शेयर पूँजी | १ | १५,२५,००,००० | १२,४०,००,००० |
| जगेडा कोष तथा सञ्चित नाफा | २ | २०,७६,८१३ | (९३,२८,२१५) |
| **जम्मा** | | १५,४५,७६,८१३ | ११,४६,७१,७८५ |
| मध्यम तथा दीर्घकालिन ऋण | ३ | २५,४१,५४,५२३ | २७,४८,९०,४६२ |
| **जम्मा पूँजी तथा दायित्व** | | **४०,८७,३१,३३६** | **३८,९५,६२,२४७** |

| | | |
|---|---|---|
| ...................... | ...................... | .............................. |
| (बच्छराज तातेड) | (गुरुप्रसाद न्यौपाने) | (रमेशप्रसाद न्यौपाने) |
| अध्यक्ष | कार्यकारी निर्देशक | सञ्चालक |
| ............................ | .......................... | ...................................... |
| (कुबेरमणि नेपाल) | (आलोक के.सी.) | (सुबोध कुमार कर्ण) |
| सञ्चालक | लेखा प्रमुख | लेखापरीक्षक, सुबोध एशोसिएट्स चार्टर्ड एकाउण्टेन्ट्स् |

## (ख) नाफा नोक्सान हिसाब (२०६७ श्रावण १ गतेदेखि २०६८ आषाढ मसान्तसम्म)

| विवरण | अनुसूची | यस वर्ष रू. (आ.व. २०६७/०६८) | गत वर्ष रू. (आ.व. २०६६/०६७) |
|---|---|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | | ६,०२,३४,६९१ | ३,३२,७२,१४० |
| अन्य आम्दानी | | १,१६,८३६ | १,९५,७६५ |
| **जम्मा आम्दानी** | | **६,०३,५१,५२७** | **३,३४,६७,९०५** |
| रोयल्टी | | १४,२६,२३६ | ० |
| प्रशासकीय खर्च | ९ | ७४,७५,४९२ | १,००,६५,५२० |
| प्लान्ट सञ्चालन खर्च | १० | २८,१६,१८० | |
| **सञ्चालन मुनाफा** | | **४,८६,३३,६१९** | **२,३४,०२,३८५** |
| ब्याजखर्च | | ३,३१,१४,५३९ | २,०८,५१,३१० |
| ह्रासखर्च | ४ | ४४,३४,२१४ | १,१८,७९,२९० |
| बोनस अघिको नाफा | | १,१०,८४,८६६ | (९३,२८,२१५) |
| बोनस | | ३,६२,८३१ | (९३,२८,२१५) |
| आयकर | | ० | ० |
| **आयकरपछिको नाफा** | | **१,०७,२२,०३५** | **(९३,२८,२१५)** |
| प्रस्तावित लाभांश | | ८०,०६,२५० | ० |
| **चालु बर्षको नाफा /(नोक्सान)** | | **२७,१५,७८५** | **(९३,२८,२१५)** |
| गत बर्षको नाफा /(नोक्सान) | | (९३,२८,२१५) | ० |
| गत वर्षको समायोजन (लेखा नीति परिवर्तन) | | ८६,८९,२४३ | ० |
| **मौज्दात जगेडा कोष सञ्चितीमा सारेको** | | **२०,७६,८१३** | **(९३,२८,२१५)** |

......................
(बच्छराज तातेड)
अध्यक्ष

......................
(गुरुप्रसाद न्यौपाने)
कार्यकारी निर्देशक

............................
(रमेशप्रसाद न्यौपाने)
सञ्चालक

............................
(कुबेरमणि नेपाल)
सञ्चालक

..........................
(आलोक के.सी.)
लेखा प्रमुख

....................................
(सुबोध कुमार कर्ण)
लेखापरीक्षक, सुबोध एशोसिएट्स
चार्टर्ड एकाउण्टेन्ट्स्

## (ग) इक्विटीमा भएको परिवर्तन विवरण

| विवरण | शेयर पूँजी रू. | शेयर प्रिमियम | जगेडा कोष तथा सञ्चिति रू. | गत वर्षको समायोजन | जम्मा रू. |
|---|---|---|---|---|---|
| २०६६ श्रावण १ गतेको मौज्दात | ९,१०,०३,१०० | | | | ९,१०,०३,१०० |
| शेयर पूँजीमा वृद्धि | ३,२९,९६,९०० | | | | ३,२९,९६,९०० |
| चालु बर्षको कुल नाफा | | | (९३,२८,२१५) | | (८,२४,५१२) |
| **२०६७ आषाढ मसान्तसम्मको मौज्दात** | **१२,४०,००,०००** | | **(९३,२८,२१५)** | | **११,४६,७१,७८५** |
| २०६७ श्रावण १ गतेको मौज्दात | १२,४०,००,००० | | (९३,२८,२१५) | | ११,४६,७१,७८५ |
| शेयर पूँजीमा वृद्धि | २,८५,००,००० | | | | २,८५,००,००० |
| गत वर्षको समायोजन | | | | ८६,८९,२४३ | ८६,८९,२४३ |
| चालु बर्षको कुल नाफा | | | १,०७,२२,०३५ | | १,०७,२२,०३५ |
| प्रस्तावित लाभांश | | | (८०,०६,२५०) | | (८०,०६,२५०) |
| **२०६८ आषाढ मसान्तसम्मको मौज्दात** | **१५,२५,००,०००** | | **(६६,१२,४३०)** | **८६,८९,२४३** | **१५,४५,७६,८१३** |

.......................
(बच्छराज तातेड)
अध्यक्ष

.......................
(गुरुप्रसाद न्यौपाने)
कार्यकारी निर्देशक

.............................
(रमेशप्रसाद न्यौपाने)
सञ्चालक

.............................
(कुबेरमणि नेपाल)
सञ्चालक

..........................
(आलोक के.सी.)
लेखा प्रमुख

....................................
(सुबोध कुमार कर्ण)
लेखापरीक्षक, सुबोध एशोसिएट्स
चार्टर्ड एकाउण्टेन्ट्स्

## (घ) नगद प्रवाह विवरण (२०६७ श्रावण १ गतेदेखि २०६८ आषाढ मसान्तसम्म)

| विवरण | यस वर्ष रू. (आ.व. २०६७/०६८) | गत वर्ष रू. (आ.व. २०६६/०६७) |
|---|---|---|
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | | |
| चालु वर्षको खुद नाफा | १,०७,२२,०३५ | (९३,२८,२१५) |
| **समायोजन :** | | |
| ह्रासकट्टी | ४४,३४,२१४ | १,२०,५९,८८३ |
| सम्पत्ति बिक्री गर्दाको नाफा (नोक्सान) | ० | ० |
| चालु पूँजी परिर्वतनअघिको सञ्चालन नगद प्रवाह | १,५१,५६,२४९ | २७,३१,६६८ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | |
| सञ्चालन गतिविधिबाट नगद प्रवाह | (१,१७,९८,६६५) | ७,४७,५०,२५७ |
| **लगानी गतिविधिको नगद प्रवाह** | | |
| सम्पत्ति खरिद, प्लाण्ट मेशिनरी | (१,११,१५,०४७) | (१३,६४,८७,९१४) |
| सम्पत्ति बिक्री, प्लाण्ट मेशिनरी | ० | ३१,००५ |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | | |
| शेयर पूँजीमा बृद्धि | २,८५,००,००० | ३,२९,९६,९०० |
| ऋणमा बृद्धि | (२,०७,३५,९४०) | २५,९४,०२९ |
| वित्तिय गतिविधिको नगद प्रवाह_ | | |
| नगदमा भएको कुल परिवर्तन | ६,५९७ | (३७,७८६) |
| गत वर्षको बैंक तथा नगद अवस्था | ५२१ | ३८,३०८ |
| **चालु वर्षको बैंक तथा नगद अवस्था** | **७,११८** | **५२१** |

.......................
(बच्छराज तातेड)
अध्यक्ष

.......................
(गुरुप्रसाद न्यौपाने)
कार्यकारी निर्देशक

.......................
(रमेशप्रसाद न्यौपाने)
सञ्चालक

.......................
(कुबेरमणि नेपाल)
सञ्चालक

.......................
(आलोक के.सी.)
लेखा प्रमुख

.......................
(सुबोध कुमार कर्ण)
लेखापरीक्षक, सुबोध एशोसिएट्स
चार्टर्ड एकाउण्टेन्ट्स्

Power Generation Through Peoples' Participation

Power Generation Through Peoples' Participation

## (ङ) अनुसूचीहरू

### अनुसूची १ : शेयरपूँजी

| विवरण | यस वर्ष रू. (आ.व. २०६७/०६८) | गत वर्ष रू. (आ.व. २०६६/०६७) |
|---|---|---|
| अधिकृत पूँजी | | |
| ५०,००,००० शेयरकित्ता प्रतिशेयर रू. १०० ले | ५००,०००,००० | ५००,०००,००० |
| जारी पूँजी | | |
| २५,००,००० शेयर कित्ता प्रतिशेयर रू. १०० ले | २५,००,००,००० | २५,००,००,००० |
| चुक्ता पूँजी | | |
| १५,२५,००० शेयर कित्ता प्रतिशेयर रू. १०० ले | १५,२५,००,००० | १२,४०,००,००० |
| **जम्मा** | **१५,२५,००,०००** | **१२,४०,००,०००** |

### अनुसूची २ : जगेडा कोष र सञ्चित नाफा

| विवरण | यस वर्ष रू. (आ.व. २०६७/०६८) | गत वर्ष रू. (आ.व. २०६६/०६७) |
|---|---|---|
| साधारण सञ्चित | (६,३८,९७१) | ० |
| आय विवरणमा नाफा (नोक्सान) | २७,१५,७८५ | (९३,२८,२१५) |
| गत वर्षको समायोजन (लेखा नीति परिवर्तन) | ० | ८६,८९,२४३ |
| **जम्मा** | २०,७६,८१३ | (६,३८,९७१) |

## अनुसूची ३ : मध्यम र दीर्घकालीन ऋण

| विवरण | यस वर्ष रू. (आ.व. २०६७/०६८) | गत वर्ष रू. (आ.व. २०६६/०६७) |
|---|---|---|
| **किस्तावन्दी ऋण** | | |
| बैंक अफ काठमाण्डू | ७,२९,९३,६७० | ८,०७,२९,८०२ |
| माछापुच्छ्रे बैंक लिमिटेड | ७,२९,९२,७५० | ८,०७,२८,८५० |
| नेपाल एस. वि. आई. बैंक लिमिटेड | ७,२९,७३,८५८ | ८,०७,०७,३२७ |
| **जम्मा** | **२१,८९,६०,२७८** | **२४,२१,६५,९७९** |
| **अल्पकालीन ऋण** | | |
| अल्पकालिन ऋण (बैंक अफ काठमाण्डू) | ७५,००,००० | ७४,००,००० |
| अल्पकालिन ऋण (माछापुच्छ्रे बैंक लिमिटेडं) | ० | ७४,००,००० |
| अल्पकालिन ऋण (बैंक अफ काठमाण्डू) | ० | ७३,३३,००० |
| **जम्मा** | **७५,००,०००** | **२,२१,३३,०००** |
| **अधिविकर्ष ऋण** | | |
| बैंक अफ काठमाण्डू (Overdraft Loan) | २,०३,२३,६४४ | १,०५,९१,४८३ |
| **जम्मा** | **२,०३,२३,६४४** | **१,०५,९१,४८३** |
| **असुरक्षीत ऋण** | | |
| अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कं. लि. | ७३,७०,६०० | ० |
| **जम्मा** | **७३,७०,६००** | **०** |
| **कुल जम्मा** | **२५,४१,५४,५२२** | **२७,४८,९०,४६२** |

Power Generation Through Peoples' Participation

# अनुसूची ४ : सम्पत्ति, प्लाण्ट तथा मेशिनरीको ह्रासकट्टी

| विबरण | समुहहरूको खुद लागत मूल्य | | | | | |
|---|---|---|---|---|---|---|
| | शुरूको मौज्दात | अतिरिक्त | | | | |
| | | अतिरिक्त पौष सम्मको | अतिरिक्त चैत्र सम्मको | अतिरिक्त आषाढ सम्मको | अतिरिक्त जम्मा | ट्रान्सफर/ बिक्री |
| ह्रासकट्टी नहुने सम्पत्ति | | | | | | |
| जग्गा | ६०,५७,३२८ | ० | ० | ० | ० | ० |
| जम्मा | ६०,५७,३२८ | ० | ० | ० | ० | ० |
| ह्रासकट्टी हुने सम्पत्ति | | | | | | |
| संरचना अफिस | ३६,४८,५६२ | १२,१८,०७४ | ३३,९३२ | १,१६,२६३ | १३,६८,२७० | ० |
| जम्मा | ३६,४८,५६२ | १२,१८,०७४ | ३३,९३२ | १,१६,२६३ | १३,६८,२७० | ० |
| समह ख<br>अफिस ईक्यूपमेण्ट तथा फर्निचरहरू | १५,४६,२३० | ५३,११८ | २८,२८० | १७,२२० | ९८,६१८ | ० |
| जम्मा | १५,४६,२३० | ५३,११८ | २८,२८० | १७,२२० | ९८,६१८ | ० |
| समह ग<br>सवारी साधन<br>मोटरसाईकल, जेनेरेटर, रेडियो ट्रान्समीटर | ३४,६१,४८० | ० | ० | ४५,२०० | ४५,२०० | (४०,५००) |
| जम्मा | ३४,६१,४८० | ० | ० | ४५,२०० | ४५,२०० | (४०,५००) |
| समह घ<br>प्लाण्ट एण्ड मेशिनरी, ट्रान्सर्फमर, सिभिल तथा मेटल संरचना | ३८,३३,७७,२५३ | ० | ० | १,०६,५९,५०२ | १,०६,५९,५०२ | |
| जम्मा | ३८,३३,७७,२५३ | ० | ० | १,०६,५९,५०२ | १,०६,५९,५०२ | |
| समह ङ<br>सफ्टवेयर | ८,००० | ० | ० | ० | ० | |
| जम्मा | ८,००० | ० | ० | ० | ० | |
| भईरहेका कार्यहरु (CWIP) | १,०५,३९,५४७ | ० | ० | ० | ० | (१०,५६,५४२) |
| जम्मा | १,०५,३९,५४७ | ० | ० | ० | ० | (१०,५६,५४२) |
| खुद जम्मा | ४०,८६,३८,४०० | १२,७१,१९२ | ६२,२१२ | १,०८,३८,१८५ | १,२१,७१,५९० | (१०,९७,०४२) |

| ह्रास कट्टी | | | | | चालु वर्षको आषाढ मसान्त सम्मको ३०, २०६८ | गत वर्षको आषाढ मसान्त सम्मको ३२, २०६७ |
|---|---|---|---|---|---|---|
| जम्मा (रू.) | गत वर्ष सम्मको | ह्रास कट्टी समायोजन | चालु वर्षको | जम्मा (रू.) | | |
| ६०,५७,३२८ | ० | ० | ० | ० | ६०,५७,३२८ | ६०,५७,३२८ |
| ६०,५७,३२८ | ० | ० | ० | ० | ६०,५७,३२८ | ६०,५७,३२८ |
| ५०,१६,८३२ | १,३६,८२१ | ७६,६२० | ८२,७७८ | १,४२,९७९ | ४८,७३,८५३ | ३५,११,७४१ |
| ५०,१६,८३२ | १,३६,८२१ | ७६,६२० | ८२,७७८ | १,४२,९७९ | ४८,७३,८५३ | ३५,११,७४१ |
| १६,४४,८४८ | ८,९७,४०९ | ३,६०,८४० | १,५७,९०५ | ६,९४,४७५ | ९,५०,३७४ | ६,४८,८२२ |
| १६,४४,८४८ | ८,९७,४०९ | ३,६०,८४० | १,५७,९०५ | ६,९४,४७५ | ९,५०,३७४ | ६,४८,८२२ |
| ३४,६६,१८० | १५,०५,५५८ | ७,४६,७५१ | २,५३,०३१ | १०,११,८३८ | २४,५४,३४१ | १९,१५,४२१ |
| ०१२५३४,६६,१८० | १५,०५,५५८ | ७,४६,७५१ | २,५३,०३१ | १०,११,८३८ | २४,५४,३४१ | १९,१५,४२१ |
| ३९,४०,३६,७५५ | १,१३,८२,२७१ | ७५,०४,४९८ | ३९,४०,३६८ | ७७,७४,१४० | ३८,६२,६२,६१५ | ३७,२०,३८,९८२ |
| ३९,४०,३६,७५५ | १,१३,८२,२७१ | ७५,०४,४९८ | ३९,४०,३६८ | ७७,७४,१४० | ३८,६२,६२,६१५ | ३७,२०,३८,९८२ |
| ८,००० | ६६७ | ५३४ | १३२ | २६४ | ७,७३६ | ७,३३३ |
| ८,००० | ६६७ | ५३४ | १३२ | २६४ | ७,७३६ | ७,३३३ |
| ९४,८३,००५ | ० | ० | ० | | | १,०५,३९,५४७ |
| ० | ० | ० | ० | ० | ९४,८३,००५ | १,०५,३९,५४७ |
| ४१,९७,१२,९४८ | १,३८,७८,७२६ | ८६,८९,२४३ | ४४,३४,२१४ | ९६,२३,६९६ | ४१,००,८९,२५२ | ३९,४७,१९,१७४ |

## अनुसूची ५ः आसामी हिसाब

| विवरण | यस वर्ष रू. (आ.व. २०६७/०६८) | गत वर्ष रू. (आ.व. २०६६/०६७) |
|---|---|---|
| नेपाल बिद्युत प्राधिकरण | ८७,०१,९३५ | ५३,२९,१५० |
| **जम्मा** | **८७,०१,९३५** | **५३,२९,१५०** |

## अनुसूची ६ः ऋण, सापटी तथा धरौटी

| विवरण | यस वर्ष रू. (आ.व. २०६७/०६८) | गत वर्ष रू. (आ.व. २०६६/०६७) |
|---|---|---|
| कर्मचारी सापटी | १,३४,७५७ | ५७,६५२ |
| अग्रीम आयकर | १४,३५० | १४,३५० |
| टेलिफोन तथा अन्य धरौटी | २०,००० | २०,००० |
| बैंक मार्जिन | ६,९०,००० | ६,९०,००० |
| साईट अफिसलाई सापटी | २,५८,५९७ | ४,२८,९७७ |
| बिमालाई अग्रीम भुक्तानी | ८३,२१३ | ८४,५०१ |
| अन्य पेश्की | ९८,५४,५९७ | १,६३,८८,९७१ |
| प्रतितपत्र धरौटी | ५,४७,००२ | ५,४७,००२ |
| अपर काबेली हाईड्रो (१५मे.वा.) लाई पेश्कि | २,४०,९१९ | ० |
| **जम्मा** | **१,१८,४३,४३५** | **१,८२,३१,४५३** |

## अनुसूची ७ : नगद तथा बैंक मौज्दात

| विवरण | यस वर्ष रू. (आ.व. २०६७/०६८) | गत वर्ष रू. (आ.व. २०६६/०६७) |
|---|---|---|
| नगद मौज्दात | ७,११८ | ५२१ |
| **जम्मा** | **७,११८** | **५२१** |

Power Generation Through Peoples' Participation

## अनुसूची ८ : अन्य भुक्तानी गर्नुपर्ने

| विवरण | यस वर्ष रू. (आ.व. २०६७/०६८) | गत वर्ष रू. (आ.व. २०६६/०६७) |
|---|---|---|
| कर भुक्तानी गर्न बाँकी | ३७४ | ४३,७२७ |
| लेखापरीक्षण शुल्क – भुक्तानी गर्न बाँकी | ३९,०२५ | २७,८७५ |
| प्रस्तावित खर्च | ६,७२,५६५ | ६,०७,८७३ |
| घर भाडा | ६,७६,६०० | ४,६०,६०० |
| तिर्नुपर्ने विद्युत उत्पादनबापत रोयल्टी | १२,६९,६७९ | ६,६५,३८४ |
| ईलेक्ट्रिक मोटर | ० | १,००,००० |
| अन्य भुक्तानी | ७,६५,६५३ | २२,६०० |
| स्थानिय वासिन्दा (सम्झौताअनुसार) | ० | ५,००,००० |
| धरौटी | १९,६५,०८२ | १,८१,३७,६४८ |
| हुनान एलोनवार्ड (चाईना सप्लायर्स) | ८१,५२,३४५ | ८१,५२,३४५ |
| बोनस खर्च | ३,६२,८३१ | ० |
| प्रस्तावीत लाभांश | ८०,०६,२५० | ० |
| **जम्मा** | **२,१९,१०,४०४** | **२,८७,१८,०५२** |

## अनुसूची ९ : प्रशासनिक खर्च

| विवरण | यस वर्ष रू. (आ.व. २०६७/०६८) | गत वर्ष रू. (आ.व. २०६६/०६७) |
|---|---:|---:|
| कर्मचारीको तलब | ३२,७१,८४९ | २५,५०,९१५ |
| कर्मचारीको पुरस्कार तथा सुविधा | ८,५०० | ३,८८,९३५ |
| सञ्चार खर्च | ८१,४६५ | १,०३,९०८ |
| सरकारी कर तथा राजस्व | ३,०७,२५४ | १,७१,६१३ |
| सञ्चालक समितिको बैठक खर्च | २१,३८८ | २,५१,३७० |
| ईन्धन खर्च | ९३,२३५ | २,९३,७७९ |
| विविध खर्च | २१,९१६ | ६४,४४५ |
| लेखापरीक्षण शुल्क | ३९,५५० | २८,२५० |
| बैक कमिशन शुल्क | ० | ६,५२,५५३ |
| वार्षिक जन्मदिन खर्च | १,१२,२५५ | १,८८,९०१ |
| भ्रमण खर्च | ३,०१,६५५ | १३,७०,६१६ |
| सवारी साधन तथा अन्य मर्मत खर्च | ३,९८,७७० | ३,२१,८२४ |
| विज्ञापन खर्च | ५१,३८० | १२,७२६ |
| सञ्चालक समिति बैठक भत्ता | १,४१,००० | ३०,००० |
| स्टेशनरी तथा छपाई खर्च | ६४,४१० | १,१०,०४० |
| विद्युत तथा खानेपानी खर्च | ० | २,०७,८७९ |
| चाडपर्व तथा अन्य भत्ता | ० | ४,८७,९२७ |
| रोयल्टी | ० | ९,०५,३८४ |
| कर्मचारी संचयकोष | ० | ३,३६,७९२ |
| ज्याला | ० | १,२२,५५९ |
| खाजा खर्च | ० | ५५,५४९ |
| घर वहाल | २,४०,००० | १,८०,००० |
| अफिस खर्च | १,९४,०८२ | ९९,०९४ |
| विमा खर्च | १०,१७,८१४ | ७,१२,६५० |
| नवीकरण खर्च | ० | १९,७८५ |
| औषधि उपचार खर्च | ० | ८,२९१ |
| टेण्डर खर्च | ० | २५,००० |
| सफ्टवेयर खर्च | ० | ४,९०० |
| चन्दा खर्च | ५२,८०० | ३८,१८० |

| | | |
|---|---|---|
| जरीवाना खर्च | १,००० | ५६,२५० |
| परीयोजना व्यवस्थापन खर्च | १०,२५,००० | ० |
| सहयोग वापत खर्च | १०००० | ० |
| अतिथि सत्कार खर्च | २०१७० | ० |
| **जम्मा** | **७४,७५,४९३** | **१,००,६५,५२१** |

## अनुसूची १० : प्लान्ट सञ्चालन खर्च

| विवरण | यस वर्ष रू. (आ.व. २०६७/०६८) | गत वर्ष रू. (आ.व. २०६६/०६७) |
|---|---|---|
| कर्मचारीको तलब | १३,०१,३७० | ० |
| सञ्चार खर्च | ५६५७० | ० |
| भत्ता | २,७२,३०१ | ० |
| इन्धन खर्च | १,७२,४४५ | ० |
| सामाजिक परिचालन खर्च | २,३९,८९६ | ० |
| विद्युत खर्च | १,४५,५१० | ० |
| अतिथि सत्कार खर्च | १,१४,१४७ | ० |
| वातावरणीय व्यवस्थापन खर्च | ३८,३१२ | ० |
| कार्यालय खर्च | १,०१,९६३ | ० |
| परियोजना भ्रमण खर्च | २,००,१९४ | ० |
| पूजा खर्च | ३,३०० | ० |
| घरभाडा  खर्च | ३,६०० | ० |
| स्टेशनरी तथा छपाई खर्च | १०,५६९ | ० |
| औषधि उपचार खर्च | ६,६३९ | ० |
| ज्याला भुक्तानी | १,४९,३६४ | ० |
| **जम्मा** | **२८,१६,१८०** | **०** |

Power Generation Through Peoples' Participation

# लेखा नीति तथा टिप्पणीहरू

## (क) लेखा नीति

१) कम्पनीको आर्थिक विवरणहरू सर्वमान्य लेखा सिद्धान्त तथा नीतिअनुसार तयार गरिएको छ।

२) स्थीर सम्पत्ति पूँजीकरण ह्रास तथा अपलेखन

२.१ ऐतिहासिक लागत :

स्थीर सम्पत्ति ऐतिहासिक लागतमा देखाइएको छ।

२.२ ह्रासखर्च तथा अपलेखन :

२.२.१ ह्रास खर्च

अ. बिद्युत ऐन, २०४९ मा भएको ब्यवस्थाअनुसार कम्पनीले सिभिल संरचना, वितरण लाईन, हाईड्रोमेकानिकल एवं ईलेक्ट्रोमेकानिकल इक्युपमण्टमा ४% को दरले ह्रासकट्टी गर्ने नीति लिएकोमा यस पटक कम्पनीले आ. व. २०५७/५८ बाट आफ्नो लेखा नितिमा परिवर्तन गरी सिभिल संरचना, वितरण लाईन, हाईड्रोमेकानिकल एवं ईलेक्ट्रोमेकानिकल इक्युपमेण्ट समेत सम्पूर्ण सम्पत्तिमा समान दरले ह्रासकट्टी गरेको छ।

## (ख) लेखासँग सम्बन्धित टिप्पणीहरू :

१) **आयकर व्यवस्था:**

आन्तरिक राजस्व विभागबाट प्राप्त पूर्वादिशअनुसार आयकर नीति २०५८ को ११ (३) को (घ) अनुसार हाईड्रोपावर कम्पनीमा उत्पादन मितिदेखि ७ वर्षसम्म १००% आयकर छुट र त्यसको ३ वर्षसम्म ५०% छुट हुने व्यवस्था गरिएको छ। स्थगन कर, सम्पत्ति र दायित्वको सम्बन्धमा नेपाल लेखामानको व्यवस्थालाई हेरी सोहीअनुसार गरिने छ।

२) **आय व्यवस्था :**

कम्पनीको आय व्यवस्था नेपाल लेखामानको व्यवस्थालाई हेरी सोहीअनुसार कम्पनीले तयार पारेको बिल र विद्युत प्राधिकरणबाट तयार भएको मिटर रिडिङ्गअनुसार व्यवस्था गरिएको छ।

३) **कर्मचारी वासस्थान व्यवस्था :**

कम्पनीले परियोजनास्थलमा बस्ने कर्मचारीको हकमा वासस्थानको ब्यवस्था गरेको छ। केन्द्रीय कार्यालयका कर्मचारीलाई वासस्थानको ब्यवस्था छैन।

४) **पुन:मिलान ब्यवस्था :**

गत वर्षको समुहलाई आवश्यकताअनुसार हेरी पुन: मिलाउन र परिवर्तन गर्ने व्यवस्था गरिएको छ।

५) **कम्पनीले कर्मचारीहरुलाई प्रदान गर्ने लाभांश व्यवस्था:**

यस वर्ष कर्मचारीहरुलाई एक महिनाको तलब बराबरको लाभांश प्रदान गर्ने व्यवस्था गरेको छ।

६) **कम्पनीले शेयरधनीहरुलाई दिने लाभांश व्यवस्था:**

कम्पनीले यस वर्ष शेयरधनीहरुलाई ५.२५ प्रतिशत (कर सहित) लाभांश प्रदान गर्ने व्यवस्था गरिएको छ। उक्त लाभांश कम्पनीको साधारण सभाले अनुमोदन गरेपछि वितरण गरिने छ। यस वर्ष कम्पनीले जम्मा रु. ८०,०६,२५०/- लाभांश प्रदान गर्ने छ।

७) **उपदान व्यवस्था:**

यस वर्ष कम्पनीले उपदानको व्यवस्था गरेको छैन।

# UDECO – STRUCTO JV

udeco (P.) Ltd.











## Our Services:

- All Kinds of Steel structural works.
- Galvanizing works.
- Hydropower HSS works.
- Steel penstock pipes.
- All kinds of Gates.
- Stoplogs.
- Trashrack.
- Expansion Joint.
- Wye and bends.
- Machine Tools.
- Repair works of Turbine.

## Address:

### Head Office:

Satdobato, Lalitpur
Phone: 5541289, Fax: 00977-1-5523870
E-mail: udeco@enet.com.np
Website: www.udeco.com.np

### Factory:

Keurani Chowk, Divyapuri VDC-4
Nawalparasi, Nepal.
Phone: 078-545229
Fax: 00977-1-78-545251

Patan Industrial Estate
lalitpur, Nepal.
Phone: 5521192/5526161
Fax: 00977-1-5542118

Power Generation Through Peoples' Participation

# टिप्पणी

सम्पर्क ठेगाना :

**रिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड**

सूर्यविक्रम ज्ञवालीमार्ग #६१६, मिलनचोक, नयाँ बानेश्वर

पोष्ट बक्स नं. ११०३९, काठमाडौं, नेपाल

फोन नं. : ४१०९८०१, फ्याक्स नं. : ४४७४८९५

ईमेल : **ridihydro@wlink.com.np**

वेवसाइट : **www.ridihydro.com.np**